# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०५।१७ गते

# प्रेस विज्ञप्ति
### विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------

श्री त्रिभुवन माध्यमिक विद्यालय, पराल्मी, गुल्मीमा कार्यरत शिक्षिका भगवती गौतमले नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी सेवामा कार्यरत रहेकोले छानविन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेश, भारतबाट प्राप्त गरेको हाईस्कुल (SLC) तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी प्रावि शिक्षक पदमा नियुक्ति लिइ लाभ लिएको देखिन आएकोले निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९(२) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता